**जिल्ला प्रशासन कार्यालय, पर्सा :- मुख्य कार्य तथा प्रयासहरु**

जिल्लामा शान्ति सुरक्षा र सुव्यवस्था कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षणको साथै सार्वजनिक सम्पतीको सुरक्षा र संरक्षण गर्नु जिल्ला प्रशासन कार्यालयको प्रमुख कार्य हो । जिल्लामा शान्ति सुरक्षा कायम गराउनु र जिल्लाको प्रशासन संचालन गर्ने प्रयोजनको लागी स्थापना गरीएका यस कार्यालयको प्रमुख प्रशासकीय अधिकारीको रुपमा नेपाल प्रशासन सेवाको रा.प.प्रथम श्रेणीको प्रशासकीय प्रमुख रहने गरी दरबन्दी कायम गरीएको छ । जिल्लामा शान्ति सुरक्षा र अमनचयन कायम गराउने, नेपालको संविधान र प्रचलित कानुन बमोजिम नेपालको नागरिक हुन योग्यलाइ नेपाली नागरिकता प्रदान गर्ने, विपद बाट हुन सक्ने क्षतिको आँकलन गरी अवश्यक पूर्वतयारी एवं प्रतिकार्यको कार्य गर्ने, सार्वजनिक सरोकारका विवादमा सम्बन्धित पक्षहरुलाइ बोलाइ छलफल मार्फत निकास दिने, मुलुकी अपराध संहिता बमोजिम तोकिएको अधिकार अन्तरगत रहि तोकिएको मुद्दाहरुमा सुरु कारवाही र किनारा गर्ने र जिल्लामा सञ्चालित विभिन्न विकासका गतिविधिहरुको नियमन र सुपरीवेक्षण गर्ने लगायतका कार्य जिल्ला प्रशासन कार्लयलयले गर्दै आइरहेको छ ।

नेपालको प्रवेशद्वार तथा आर्थिक राजधानीको रुपमा चिनिने पर्सा जिल्ला खुल्ला सिमानाका कारण पनि अन्य जिल्ला भन्दा बढि संवेदनशिल मानिन्छ । अन्य जिला प्रशासन कार्यालयले गर्ने कार्य बाहेक सिमा अपराध नियन्त्रण, चोरी पैठारी नियन्त्रण, राजश्व चुहावट/छली नियन्त्रण, औधोगिक सुरक्षा लगायतका थप कार्यहरु यस कार्यलयले गर्दै आएको छ । आ.व. ०७५/०७६ मा यस कार्यलयबाट भए गरेको मुख्य कार्य तथा प्रयासहरुलाइ देहाय अनुसार प्रस्तुत गरिएको छ ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, पर्सा
प्रगती विवरण
आ.व. ०७५/०७६

| **क्र.सं.** | **मुख्य क्रियाकलाप** | **प्रगति विवरण** |
|---|---|---|
| | | **परिमाण** |
| ! | **नागरिकता** | |
| | क) बंशज नागरिकता वितरण | १२१०६ |
| | ख) अंगिकृत नागरिकता वितरण | ८ |
| | ग) बैबाहिक अंगिकृत नागरिकता वितरण | १६८४ |
| | घ) जन्मको आधारमा | – |
| | ङ) जन्मसिद्ध | – |
| | च) प्रतिलिपी नागिरकता वितरण | ६४६९ |
| | छ) कर्मचारी परिवार नागरिकता वितरण | ११ |
| | ज) नागरिकता परित्याग | १२ |
| | झ) नागरिकता बदर | **१** |
| २ | **राहदानी** | |
| | क) जिल्लाबाट | ३९१७ |
| | ख) द्रुत सिफारिस (District Verification) | ११७० |
| # | **स्थानिय प्रशासन** | |
| | क) संघसंस्था दर्ता | ५७ |
| | ख) संघसंस्था नविकरण | २४६ |
| | ग) हातहतियार दर्ता | **–** |
| | घ) हातहतियार नविकरण | २१७ |
| | ङ) हातहतियार नामासारी | ७ |
| | च) पत्रपत्रिका दर्ता | २ |
| | छ) नावालक परिचयपत्र | २११ |
| | ज) विभिन्न सिफारिस तथा प्रमाणित | |
| ४ | **बजार नियमन** | |
| | क) बजार अनुगमन | ५१ |
| | ख) कारवाही | १८ |
| **५** | **कार्यालय अनुगमन** | **१५** |

| | | |
|---|---|---|
| ६ | **मुद्दा दर्ता** | |
| | क) सार्वजानिक अपराध | ४६४ |
| | ख) हातहतियार खरखजाना | **७** |
| | ग) क्षातिपुर्ति | ११ |
| | घ) कालोबजारी | २ |
| | ङ) नागरिकता छानबिन | ३८ |
| | च) खाद्यपदार्थ छानबिन | २० |
| | छ) अन्य (सा.व्य.) | **२** |
| & | **मुद्दा फैसला** | |
| | क) सार्वजानिक अपराध | २५९ |
| | ख) हातहतियार खरखजाना | – |
| | ग) क्षातिपुर्ति | ११ |
| | घ) कालोबजारी | २ |
| | ङ) नागरिकता बदर | १ |
| | च) खाद्यपदार्थ न्यूनगुणस्तर | २० |
| | छ) अन्य | |
| | निवेदन दर्ता | १८५० |
| | निवेदन फर्छौट | १८५० |

**जिल्ला प्रशासन कार्यालय, पर्साबाट सुशासन/सार्वजनिक प्रवाहका विषयमा भएका मुख्य मुख्य प्रयासहरु**

**१) विकास निर्माण कार्यको अनुगमन ।**

पर्सा जिल्ला स्थित विभिन्न योजना तथा आयोजनाहरुको सुक्ष्म अनुगमन गर्ने गरेको । समय मै कार्य सम्पन्न नगर्ने ठेकेदार तथा कम्पनीलाइ कारवाहीको दायरामा ल्याइ विकास निर्माणका कार्यलाइ द्रुत गतिमा लगेको ।









**२) डिजिटल सिटिजन चार्टर सञ्चालन**

कार्यालयको अग्र भागमा सबैले देखिने गरी ४२ इन्चको स्क्रिन भएको अडियो भिडियो सहितको डिजिटल नागरिक वडा पत्र सञ्चालनमा ल्याएको ।



## ३) कार्यालय परिसर सरसफाइ

प्रत्येक शुक्रबार अनिवार्य रुपमा कार्यालयका सबै कर्मचारीहरु मिली कार्यालय परिसर सरसफाइ गर्ने गरेको











RIPURAJ

### ४) बजार अनुगमन

गृह मन्त्रालयबाट प्राप्त निर्देशन तथा जनगुनासोको आधारमा बजार अनुगमन कार्य गर्ने गरेको । साथै कालो बजारी गर्ने, राजश्व छली गर्ने लगायतका गैर कानुनी कार्य गर्ने जो कोहीलाइ पनि कारवाहीको दायरामा ल्याइ सर्वसाधरण जनताको हक अधिकार सुनिश्चत गरी सार्वजनिक सेवा प्रवाहलाइ सरल र प्रभावकारी बनाउन मद्दत गरेको ।

https://www.onlinekhabar.com/2019/06/771476?fbclid=IwAR3ujbLG4RfaxbRyqDqDJPM6h8TBi8AQKIsUEIu64OU1c0HqmwrrdwJ1tuU#.XPkv_32jUAo.facebook





## ५) कार्यालयको वेवसाइट तथा फेसबुक पेज सञ्चालन

यस कार्यलयको www.daoparsa.moha.gov.np छुट्टै वेवसाइट सञ्चालनमा रहेको छ । त्यसै गरी **जिल्ला प्रशासन कार्यालय पर्सा** नामक फेसबुक पेज सञ्चालनमा ल्याइएको छ । जसको माध्यमबाट यस कार्यालयबाट जारी गरिएका सूचनाहरु सर्वसाधरण नागरिकहरुको पहुँचमा पुग्ने गरेको छ ।

# जिल्ला प्रशासन कार्यालय, पर्साको दरबन्दी तेरिज

| क्र. सं. | पद | श्रेणी/तह | सेवा | समूह | स्वीकृत दरबन्दी |
|---|---|---|---|---|---|
| १ | प्र.जि.अ. | रा.प.प्रथम | प्रशासन | सा.प्रशासन | १ |
| २ | स.प्र.जि.अ. | रा.प.द्वितिय | प्रशासन | सा.प्रशासन | २ |
| ३. | प्रशासकीय अधिकृत | रा.प.तृतिय | प्रशासन | सा.प्रशासन | ४ |
| ४ | ना.सु. | रा.प.अनं. प्रथम | प्रशासन | सा.प्रशासन | १२ |
| ५ | लेखापाल | रा.प.अनं. प्रथम | प्रशासन | लेखा | १ |
| ६. | कम्प्युटर अपरेटर | रा.प.अनं. प्रथम | विवध | - | ३ |
| ७ | खरिदार | रा.प.अनं. द्वितिय | प्रशासन | सा.प्रशासन | 6 |
| ८ | ह.स.चा. | श्रेणीविहिन | प्रशासन | सा.प्रशासन | ३ |
| ९ | का.स. | श्रेणीविहिन | प्रशासन | सा.प्रशासन | ८ |
| | **जम्मा** | | | | **४०** |

# जिल्ला प्रशासन कार्यालय, पर्साको सांगठनिक संरचना

